# आठविसकोट नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## आठविसकोट, रूकुम (पश्चिम)
## कर्णाली प्रदेश, नेपाल

सम्पर्क नं.
९७४१३८९९६१
९७४८५८३१३८


मितिः २०७५/०७/१८

पत्र संख्याः २०७५/०७६ (सू.अ.व्य.केन्द्र)
चलानी नम्बर ...४६४...

# नगर प्रहरी भर्ना सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मितिः २०७५/०७/१८ गते)

यस नगरपालिकामा नगर प्रहरी अन्तरगत विभिन्न पदहरुमा आन्तरिक तथा खुला प्रतियोगिताद्वारा समावेशी प्रावधान अनुसार सेवा करारमा पदपूर्ति गर्नु पर्ने भएकोले देहाय बमोजिमका योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट दरखास्त आव्हान गरिन्छ ।

**१. आवश्यक पद संख्याः**

| आन्तरिक तर्फ | | | |
|---|---|---|---|
| विज्ञापन नं. | पद | खुल्ला | जम्मा |
| १३-०७५/७६ | नगर प्रहरी सहायक निरीक्षक | २ | २ |
| १४-०७५/७६ | नगर प्रहरी जवान | ४ | ४ |
| नोटः- आन्तरिक भन्नाले नगरपालिकामा हाल कर संकलक/नगर प्रहरीको रुपमा कार्यरतलाई बुझाउँछ । | | | |

| खुल्ला तर्फ | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| विज्ञापन नं. | पद | खुल्ला | समावेशी समूह | | | | जम्मा |
| | | | महिला | आ.ज. | दलित | पि.क्षे. | |
| १५-०७५/७६ | नगर प्रहरी सहायक निरीक्षक | २ | - | - | - | - | २ |
| १६-०७५/७६ | नगर प्रहरी जवान | ६ | २ | १ | १ | १ | ११ |
| १७-०७५/७६ | नगर प्रहरी कार्यालय सहयोगी (भान्छे) | १ | - | - | - | - | १ |

**२. दरखास्त दिने स्थानः-** आठविसकोट नगरपालिकाको कार्यालय, रूकुम (पश्चिम) ।

**३. दरखास्त फारम बुझाउने मितिः-**२०७५/०७/१८ गते देखि २०७५/०८/०२ गतेसम्म (कार्यालय समयभित्र)

**४. दरखास्त राजस्व (दस्तुर):-**

| पद | नगर प्रहरी सहायक निरीक्षक | नगर प्रहरी जवान | नगर प्रहरी कार्यालय सहयोगी (भान्छे) |
|---|---|---|---|
| दस्तुर | १२००।- | ८००।- | ८००।- |
| नोटः- एक भन्दा बढी समूहमा दरखास्त दिने उम्मेदवारहरुको हकमा प्रत्येक समूहको लागि ५०% का दरले थप दस्तुर लाग्ने छ । | | | |

प्र.प्रमुख प्रशासकीय अधिकृत

# आठविसकोट नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## आठविसकोट, रूकुम (पश्चिम)
## कर्णाली प्रदेश, नेपाल

सम्पर्क नं.
९७४१३८९९६१
९७४८५८३१३८


मितिः २०७५/०७/१८

पत्र संख्याः २०७५/०७६(सू.अ.व्य.केन्द्र)

चलानी नम्बर .............

५. आवश्यक न्युनतम योग्यताः-

| पद | न्युनतम योग्यता |
| --- | --- |
| नगर प्रहरी सहायक निरीक्षक | १) दरखास्त आह्वान भएको सालको वैशाख १ गते १८ वर्ष उमेर पुगेको र २४ वर्ष ननाघेको । तर खुल्ला प्रतियोगितामा भाग लिने वहालवाला नगर प्रहरी वा सेवा परिवर्तन गरी आउने कर्मचारीको हकमा ४० वर्ष ननाघेको ।<br>२) नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको ।<br>३) नैतिकपतन देखिने कुनै फौजदारी अभियोगमा सजाय नपाएको ।<br>४) कुनै राजनीतिक पार्टीको सदस्य नरहेको ।<br>५) मानवअधिकार र मानवीय कानूनको उल्लंघनमा सजाय नपाएको ।<br>६) महिलाहरुको लागि घटीमा ५ फिट र पुरुषको लागि घटीमा ५ फिट २ इन्च उचाई भएको ।<br>७) छाती नफुलाउँदा घटीमा ३१ इन्च र फुलाउँदा ३३ इन्च भएको ।<br>८) आँखा माइनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको ।<br>९) स्वीकृत चिकित्सकबाट निरोगिताको प्रमाणपत्र पाएको ।<br>१०) नेपाली नागरिकता प्रमाणपत्र पाएको । |
| नगर प्रहरी जवान र नगर प्रहरी सहयोगी | १) नगर प्रहरी जवान पदको लागि छनौट हुने सालको वैशाख १ गते १८ वर्ष उमेर पुगेको र २४ वर्ष ननाघेको तथा नगर प्रहरी सहयोगी पदको लागि छनौट हुने सालको वैशाख १ गते १८ वर्ष उमेर पुगेको र ३५ वर्ष ननाघेको ।<br>२) मान्यता प्राप्त शैक्षिक संस्थाबाट प्रवेशिका पास गरेको । सहयोगीको हकमा साधारण लेखपढ।<br>३) नैतिकपतन देखिन फौजदारी अभियोगमा सजाय नपाएको ।<br>४) राजनीतिक पार्टीको सदस्य नरहेको ।<br>५) कुनै विध्वंसात्मक संस्थाको सदस्य नभएको ।<br>६) स्वीकृति प्राप्त चिकित्सकबाट निरोगिताको प्रमाणपत्र पाएको ।<br>७) आँखा माईनस २ वा प्लस २ भन्दा वढी कमजोर नभएको ।<br>८) छाती नफुलाउँदा घटीमा ३० इन्च र फुलाउँदा ३२ इन्च भएको ।<br>९) नेपाली नागरिक ।<br>१०) महिलाको लागी घटीमा ५ फिट र पुरूषको लागी घटीमा ५ फिट २ इन्च उचाई भएको।<br>११) नगर प्रहरी कार्यालय सहयोगी (भान्छे) पदको लागि कम्तीमा ३ वर्ष होटल व्यवसायमा कुकिङ सम्बन्धी काम गरेको हुनुपर्नेछ । |

६. दरखास्त साथ समावेश गर्नुपर्ने कागजातहरुः-

प्रमुख प्रशासकीय अधिकृत

# आठविसकोट नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## आठविसकोट, रूकुम (पश्चिम)
## कर्णाली प्रदेश, नेपाल

सम्पर्क नं.
९७४१३८९९६१
९७४८५८३१३८

मितिः २०७५/०७/१८

पत्र संख्याः २०७५/०७६(सू.अ.व्य.केन्द्र)

चलानी नम्बर ..............

क) नेपाली नागरिकताको प्रतिलिपि १ (एक) प्रति ।

ख) हाल सालै खिचेको दुवै कान देखिने पासपोर्ट साइजको फोटो ३ (तीन) प्रति ।

ग) आफूले प्राप्त गरेको शैक्षिक योग्यताको प्रमाण पत्रको प्रतिलिपि १/१ (एक/एक) प्रति (प्रत्येक तहको चारित्रिक, स्थायी वा प्रोभिजिनल प्रमाण-पत्र र मार्कशिट सहित तथा नेपाल बाहिर अध्ययन गरेको हकमा त्रि.वि.वि.बाट समकक्षता निर्धारणको प्रमाण पत्र (Equivalent Certificate)

घ) **आदिवासी/जनजातिका** लागि नेपाल आदिवासी/जनजाति राष्ट्रिय उत्थान प्रतिष्ठानबाट आदिवासी/जनजाति भनी प्रमाणित भएको प्रमाण पत्रको प्रतिलिपी-१ (एक) प्रति । तर, नेपाल आदिवासी/जनजाति राष्ट्रिय उत्थान प्रतिष्ठान ऐनमा सूचिकृत भएको जाति भित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानिय तहका प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचिकृत भएको जाति भित्रको थर भनि प्रमाणित गराई दरखास्त साथ पेश गर्नु पर्नेछ ।

ङ) **दलितका** लागि राष्ट्रिय दलित आयोगबाट दलित भनी प्रमाणित भएको प्रमाण पत्रको प्रतिलिपी-१ (एक) प्रति । तर, राष्ट्रिय दलित आयोगबाट सूचिकृत भएको जाति भित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचिकृत भएको जाति भित्रको थर भनि प्रमाणित गराई दरखास्त साथ पेश गर्नु पर्नेछ ।

च) **पिछडिएको क्षेत्रका** लागि (अछाम, कालिकोट, जाजरकोट, जुम्ला, डोल्पा, बझाङ, बाजुरा, मुगु र हुम्ला र आठविसकोट नगरपालिकाको हकमा वडा नं. १, २, ३ र ६) जिल्लामा स्थायी बसोवास गरी सम्बन्धित जिल्लाबाट नै नागरिकताको प्रमाण पत्र प्राप्त गरेको तथा सम्बन्धित गाँउपालिका वा नगरपालिकाबाट दरखास्त पेश गर्दाका वखतसम्म सोही स्थानमा स्थायी बसोवास भएको भन्ने सिफारिस गरिएको । स्थायी वसोवास भएको जिल्ला बाहेक अन्यत्र जिल्लाबाट नागरिकता लिएको भएमा नागरिकता जारी भएको जिल्ला प्रशासन कार्यालयबाट सो गर्नु परेको कारण उल्लेख भएको पत्र लिएको हुनु पर्नेछ ।

ज) दरखास्त फारामसँग संलग्न गरी पेश गर्ने कागजातहरुको प्रतिलिपिको पछाडि पट्टि सक्कल बमोजिम नक्कल ठिक छ भनि उम्मेदवार स्वयंले दस्तखत गर्नु पर्नेछ ।

**७. परीक्षा विधिः**

क) प्रारम्भिक स्वास्थ्य परीक्षण तथा शारीरिक तन्दुरुस्ती परीक्षा

ख) विस्तृत स्वास्थ्य परीक्षण परीक्षा

ग) लिखित परीक्षा

घ) विशेष स्वास्थ्य परीक्षण परीक्षा

ङ) अन्तरवार्ता

**८. सम्पर्क मिति तथा स्थानः**- २०७५/०८/०३ गते, विहान ११:०० बजे दरखास्त फाराम दर्ता गर्ने सम्बन्धित कार्यालय साथै परीक्षा मिति, समय र स्थान यहि सम्पर्क मितिमा तोकिने छ सोको जानकारी सूचना बोर्ड, वेबसाईट तथा सामाजिक संजालमा प्रकासन गरिने छ ।

नि.प्रमुख प्रशासकीय अधिकृत

# आठविसकोट नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## आठविसकोट, रूकुम (पश्चिम)
## कर्णाली प्रदेश, नेपाल

सम्पर्क नं.
९७४१३८९९६१
९७४८५८३१३८


मितिः २०७५/०७/१८

पत्र संख्याः २०७५/०७६(सू.अ.व्य.केन्द्र)

चलानी नम्बर .............

९. तलव/स्केलः-

| पद | नगर प्रहरी सहायक निरीक्षक | नगर प्रहरी जवान | नगर प्रहरी कार्यालय सहयोगी (भान्छे) |
|---|---|---|---|
| दस्तुर | १६,०००।- | १४,०००।- | १३,०००।- |
| थप सेवा सुविधाः- प्रचलित कानुन अनुसार रासन भत्ता उपलब्ध गराउने । | | | |

१०. **दरखास्त फारमको राजस्व तिर्ने तरिकाः** बँदा नं. ५ र ६ मा उल्लेख भएको न्युनतम योग्यता र कागजात एवं बँदा नं. ४ मा तोकिएको परीक्षा दस्तुर सेञ्चुरी कर्मसियल बैंक शाखा कार्यालय, आठविसकोटमा रहेको यस नगरपालिका कार्यालयको आन्तरिक राजस्व खाता नं. **+0920000005GE** मा जम्मा गरी सोको सक्कल भौचर संलग्न राखी स्वयम् उपस्थित भई आवेदन दिन सकिने साथै आवेदन फारम यस नगरपालिकाको अफिसियल वेबसाइट www.aathbiskotmu.gov.np बाट डाउनलोड गरी उल्लेखित विवरणहरु भर्नुपर्नेछ ।

११. थप जानकारीका लागिः- सम्पर्क नं.- ९७४८५८३१३८, ९७४१३८९९६१
वेबसाईटः- **WWW.aathbiskotmun.gov.np**
ईमेलः- **aathbiskotmun073@gmail.com, ito.aathbiskotmun@gmail.com**

१२. रीत नपुगी आएका दरखास्त फारम स्वीकृत गरिने छैन ।

१४. आन्तरिक तर्फ दरखास्त दिएका उम्मेदवारले खुल्ला प्रतिस्पर्धात्मक परीक्षामा पनि समावेश हुन पाउने छन ।

१५. लिखित परीक्षाको पाठ्यक्रम नेपाल प्रहरीले निर्धारण गरेको खुल्ला प्रतियोगीताको पाठ्यक्रम अनुसार हुनेछ।

१६. पुनश्चः-

क. हरेक चरणको परीक्षा समाप्ती पश्चात नतिजा प्रकाशन गरिनेछ र उत्तीर्ण उम्मेदवारहरुलाई मात्र अर्को चरणको परीक्षामा सम्मिलित गराइनेछ ।

ख. परीक्षा संचालन गर्दा खुला तथा समावेशी तर्फको एउटै परीक्षा संचालन गरिनेछ र निजहरुले प्राप्त गरेको अंकको आधारमा समावेशी तर्फका उम्मेदवारहरु बिचमात्र छुट्टा-छुट्टै प्रतिस्पर्धा गराई पदपूर्ति गरिनेछ ।

ग. दरखास्त पेश गर्दा सक्कल प्रमाण-पत्रहरु साथमा लिई उम्मेदवार स्वयम् उपस्थित हुनु पर्नेछ ।

घ. प्रारम्भिक स्वास्थ्य परीक्षण बखत आउँदा बखत उम्मेदवारहरुले अनिवार्य रुपमा दुवै कान देखिने गरी कपाल छोटो काटेको हुनुपर्ने छ (पुरूषको लागि मात्र) ।

ङ. छनौटको परीक्षा अवधिभर कुनै किसिमको दुर्घटना भएमा सोको जिम्मेवार उम्मेदवार स्वयं हुनुपर्ने छ।

नगर प्रहरी भर्ना तथा छनौट समिति
आठविसकोट नगरपालिका, रूकुम (पश्चिम)

नि.प्रमुख प्रशासकीय अधिकृत